# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०३।१४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धादिङ, जिवनपुरमा ४ रोपनी जग्गाको रजिष्ट्रेसन पास गर्ने क्रममा लेखापढी ब्यवसायीमार्फत सरोकारवालासँग घुस/रिसवत लिएको सूचना एवं उजुरीका आधारमा उक्त कार्यवापत रु.५,०००।- (पाँच हजार) मालपोत कार्यालय धादिङका कम्प्युटर अपरेटर सूर्य अधिकारीलाई दिँदै लिँदै गरेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निज सूर्य अधिकारी र लेखापढी व्यवसायी कान्छोनारायण श्रेष्ठलाई उक्त रकमसहित मालपोत कार्यालय परिसरवाट नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा मालपोत कार्यालय धादिङका कम्प्युटर अपरेटर सूर्य अधिकारीले सेवाग्राहीको जग्गा छिटो छरितो लिखत पास गरिदिएवापत लेखापढी व्यवसायी कान्छोनारायण श्रेष्ठसँग आपसी मिलेमतोमा पटक-पटक गरी रु. ५,०००।—(पाँच हजार) घुस/रिसवतवापत लेनदेन गरेको तथ्य पुष्टि हुन आएको देखिंदा निज सूर्य अधिकारीले गरेको उक्त कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुरजन्य कार्य भएको स-प्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रु. ५,०००।— कायम गरी भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र ऐ. ऐनको दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय गरी घुसवापतको रकम ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफत हुन मागदाबी लिइएको छ ।

साथै लेखापढी व्यवसायी कान्छोनारायण श्रेष्ठले राष्ट्रसेवक कर्मचारीसँग मिलेमतो गरी घुस/रिसवत दिने कार्यमा प्रत्यक्ष संलग्न भई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) अनुसारको कसुरजन्य कार्य गरेकोले निज कान्छोनारायण श्रेष्ठलाई बिगो रु. ५,०००।— कायम गरी सो दफाले निर्देश गरेबमोजिम दफा ३ को उपदफा (१) र ऐ.ऐनको दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला